**"गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७"**

**प्रथम संसोधन मितिः २०७८/०४/२४**

**प्रस्तावना**ः बरेङ गाउँपालिका भित्रका सार्वजनिक शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर अभिवृद्दिका लागि अभिभावक तथा विद्यार्थीको रोजाइ र सिकाइको केन्द्र बनाउन विद्यालयमा सुरक्षित घेरावार, खेलमैदान, शुद्द पिउने पानी तथा स्वच्छ हरित विद्यालय निर्माण, सुदृढीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन "समृद्द गाउँपालिका निर्माणको आधार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार" भन्ने नारालाइ सार्थक तुल्याउन "**गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम**" सञ्चालन गरिनेछ ।

बरेङ गाउँ शिक्षा ऐन, २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी बरेङ गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क ) "कार्यक्रम" भन्नाले समितिबाट निर्धारित प्राथमिकता क्षेत्रमा कार्यान्वयन गरिने कार्यक्रम सम्झनुपर्दछ ।

(ख) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनुपर्दछ ।

(ग) "शिक्षा शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(घ) "सार्वजनिक शैक्षिक संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानी वा व्यवस्थापनमा सञ्चालित प्रारम्भिक बालशिक्षा तथा बालबिकास केन्द्र, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नका निम्ति प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका शैक्षिक संस्था सम्झनुपर्दछ ।

(ङ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको लगानीमा सञ्चालित विद्यालय सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम समुदायबाट सञ्चालित सामुदायिक विद्यालयको रुपमा रहेको विद्यालयलाई समेत जनाउँछ ।

(च) "गाउँपालिका" भन्नाले बरेङ गाउँपालिकालाई सम्झनुपर्दछ ।

३. **प्रस्तावना मूल्याङ्कन तथा सिफारिस समितिः** (१) शिक्षा शाखाले माग गरेका प्रस्तावनाहरुको मुल्यांकन तथा सिफारिस गर्न एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिमा देहायका सदस्यहरु रहनेछन् :-

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | -अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| (घ)पूर्वाधार विकास समिति संयोजक | - सदस्य |
| (ङ) शिक्षा अधिकृत | - सदस्य सचिव |

(३) प्रस्तावना छनौट गर्दा आधारभूत तह (१-५), (६-८) र मावि (९-१०/१२) गरि तिनै तहको प्रतिनिधित्व हुने गरि गर्नुपर्नेछ ।

(३) मूल्यांकन तथा सिफारिस समितिले गरेका प्रस्तावनाहरु गाउँपालिका अध्यक्षद्वारा स्वीकृत हुनेछन्।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले तोकेबमोजिम हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) कार्यक्रम कार्यान्वयनको मापदण्ड तर्जुमा गर्ने ।

(ख) सार्वजनिक रुपमा सुचना प्रकाशित गरि विद्यालयहरुबाट प्रस्तावना माग गर्न शिक्षा शाखालाइ जिम्मा दिने।

(ग) शिक्षा शाखाले माग गरेका प्रस्तावनाहरुको मूल्याङ्कन गरी विद्यालयहरुको प्राथमिकताक्रम तोक्ने ।

(घ) आवश्यकता अनुसार कार्यक्रमको नतिजामुलक अनुगमन तथा समीक्षा गर्ने ।

५. **कार्यक्रमको क्षेत्र** : कार्यक्रमको क्षेत्र देहायबमोजिम हुनेछ :-

(क) सार्वजनिक शैक्षिक संस्थाको भौतिक पुर्वाधार विकास र पुनर्संरचना,

(ख) सामुदायिक विद्यालयमा सुरक्षित घेरावार,

(ग) खेलमैदान निर्माण,

(घ) शुद्द पिउने पानी तथा स्वच्छ हरित विद्यालय निर्माण,

(ङ) सामुदायिक विद्यालय सुदृढीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउने,

(च) कक्षाकोठा व्यवस्थापन,

(छ) रङरोगन तथा भित्तेलेखन,

(ज) शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन,

(झ) आइ.सि.टि व्यवस्थापन,

६. **कार्यक्रम कार्यान्वयन विधि** :(१) यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट बाट दफा ५ बमोजिम कार्यक्रम सञ्चालन गर्न गाउँपालिका अन्तगर्तका विद्यालयहरुको आवश्यकता सङ्कलन एवम् बिश्लेषण गरी प्राथमिकताक्षेत्र निर्धारण गरी सञ्चालन गरिनेछ ।

(२) समितिबाट निर्धारित प्राथमिकताक्षेत्र भित्र रहनेगरि कार्यक्रम कार्यान्वयनका लागि सामुदायिक विद्यालयहरुको छनौट गरिनेछ ।

(३) उपदफा (१) सामुदायिक विद्यालय छनौट गर्दा एकै प्रकृतिका कार्यक्रम दोहोरोपन नहुने गरी छनौट गर्नुपर्नेछ ।

(४) गाउँपालिकाको बढीमा ७५ प्रतिशत र सम्बन्धित विद्यालयको कम्तिमा २५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) सामुदायिक विद्यालयलाई उपलब्ध गराउने अनुदान रकम पहिलो किस्ता ३० प्रतिशत र दोस्रो किस्ता कार्यसम्पन्न भएपछि निकासा गरिनेछ ।

(६) कार्यक्रम कार्यान्वयनमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनेछ ।

(७) विद्यालयको भौतिक निर्माण सम्बन्धी कार्यको लागत अनुमान गाउँकार्यापालिले स्वीकृत गरे बमोजिम हुनेछ ।

७. **<u>शिक्षा शाखाको भुमिका</u>** : कार्यक्रम कार्यान्वयनमा शिक्षा शाखाको भुमिका देहाए बमोजिम हुनेछ :-

(क) दफा ३ बमोजिमको समितिको बैठक सञ्चालन र बजेट व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ख) विद्यालय व्यवस्थापन समिति अध्यक्षसँग कार्यक्रम सम्झौता गर्ने ।

(ग) छनौट भएका विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने ।

(घ) शिक्षा शाखाले आवश्यकता अनुसार विद्यालयहरुबाट प्रस्तावना माग गरि लागत साझेदारीको आधारमा कार्यक्रम सञ्चालन गर्ने/गराउने व्यवस्था मिलाउने ।

(ङ) स्थानीय तहबाट सञ्चालित कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने ।

८. **<u>सामुदायिक शैक्षिक संस्थाको भुमिका</u>** : कार्यक्रम कार्यान्वयनमा छनौट हुने विद्यालयको भुमिका देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाबाट माग भएका प्रस्ताव अनुसुची १ बमोजिमको ढाँचामा तोकिएको समयमा पठाउनुपर्नेछ । समयमा उपलब्ध गराउन नसकेमा गाउँपालिका जवाफदेही हुनेछैन ।

(ख) छनौट भएपश्चात् विद्यालय व्यवस्थापन समितिको निर्णय सहित तोकिएको कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्नुपर्नेछ ।

(ग) तोकिएको समय-सिमाभित्रै निर्धारित मापदण्ड बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

(घ) कार्यसञ्चालन विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

(च) कार्यक्रम सम्पन्न भएपश्चात् सामाजिक परीक्षण गर्ने, गराउने व्यवस्था मिलाउनुपर्नेछ ।

(छ) कार्यसम्पन्न प्रतिवेदन तयार गरी गाउँपालिकामा पेस गरि भुक्तानी लिइ कार्यक्रम फछ्यौंट गर्नुपर्नेछ।

९. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>** : कार्यक्रमको अनुगमन गरि फछ्यौंटको लागि सिफारिस गर्न एक कार्यक्रम अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) भौतिक पूर्वाधार समिति संयोजक | - अध्यक्ष |
| (ख) प्राविधिक शाखाको प्रमुख | -सदस्य |
| (ग) योजना शाखाको प्रमुख | -सदस्य |
| (घ) सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| (ङ) शिक्षा अधिकृत वा निजले तोकेको एक जना कर्मचारी | -सदस्य सचिव |

१०. **<u>प्रचलित कानुन बमोजिम हुने</u>** : यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयहरु गाउँपालिका अध्यक्षबाट निर्णय गराइ कार्यान्वयन गरिनेछ ।

## अनुसुची १

गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमको प्रस्ताव तयार गर्ने ढाँचा

IEMIs Code:

१.विद्यालयको नामः जिल्लाः

२. विद्यालयको ठेगाना :

३.स्थानीय तहको नामः

४. विद्यार्थी सङ्ख्या

आधारभूत (कक्षा १-५) जम्माः

आधारभूत (कक्षा १-८) जम्माः

माध्यमिक (कक्षा ९-१२) जम्माः

५.प्रस्ताविक कार्यक्रम :

| कार्यक्रमको नाम | अनुमानित लागत | | कार्यान्वयन समय | अपेक्षित उपलब्धी |
|---|---|---|---|---|
| | गाउँपालिकाबाट अनुदान बढीमा ७५ % | विद्यालयको लागत कम्तिमा २५ % | | |
| | | | | |
| | | | | |
| | | | | |

६. कार्यक्रम कार्यान्वयन संयन्त्र र प्रक्रिया :

यस कार्यक्रमको कार्यान्वयनबाट यसपुर्व कुनै स्रोतबाट कार्यक्रम दोहोरोपन नभएको यकिन सहित प्रमाणित गर्दछु ।

हस्ताक्षर :

विद्यालय व्यवस्थापन समिति अध्यक्ष नामः

मितिः

विद्यालयको छाप :

**संलग्न कागतजातहरुः**

(१) वडाको सिफारिस

(२) विद्यालय व्यवस्थापन समितिको निर्णय

(३) विद्यालयको पत्र

(४) लागत अनुमान सहित तयार गरिएको प्रस्तावना ।